त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

☎ 5-521260, 5-521611, 5-522104, 5-522809

पुल्चोक, ललितपुर ।
Pulchowk, Lalitpur

च.नं. ४०३।०७९।०८०

मितिः २०७९।०५।२१

श्री सिभिल इ. विभाग,
पुल्चोक क्याम्पस ।

श्री आर्किटेक्चर विभाग,
पुल्चोक क्याम्पस ।

श्री मेकानिकल एण्ड एरोस्पेश इ. विभाग
पुल्चोक क्याम्पस।

श्री इलेक्ट्रोनिक्स तथा कम्प्युटर इ. विभाग,
पुल्चोक क्याम्पस ।

श्री इलेक्ट्रिकल इ. विभाग,
पुल्चोक क्याम्पस ।

श्री एप्लाइड साइन्सेस एण्ड के. इ. विभाग
पुल्चोक क्याम्पस।

## विषयः स्नातक (बी.ई./बी.आर्क.) तहको पुनः परीक्षा फाराम भर्ने सूचना ।

इ.अ.सं. परीक्षा नियन्त्रण महाशाखाको च.नं. २०४ मिति २०७९।०५।१९ गतेको पत्रमा उल्लेख भएअनुसार **२०७९ असोज महिनामा** संचालन गरिने स्नातक तह B.E. प्रथम, दोस्रो र तेस्रो वर्ष तथा B.Arch. प्रथम, दोस्रो, तेश्रो र चौथो वर्ष दोश्रो खण्डको पुनः परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले परीक्षा नियन्त्रण महाशाखाको पत्रमा उल्लेख भएवमोजिमको मिति र समयमा Online परीक्षा फाराम भरी यस क्याम्पसको शैक्षिक प्रशासन शाखामा Token No. सहितको Payment Confirmation Slip अनिवार्य रुपमा बुझाउन हुन यसै सूचना मार्फत सूचित गराईन्छ ।

**संलग्नः इ.अ.सं. परीक्षा नियन्त्रण महाशाखाको पत्र थान १**

सह.प्रा. शुक्रराज पौडेल
सहायक क्याम्पस प्रमुख (शैक्षिक)

बोधार्थ

- श्री नयाँ/महिला छात्रावास, पुल्चोक क्याम्पस ।

बोधार्थ तथा कार्यार्थ

- श्री आर्थिक प्रशासन शाखा, पुल्चोक क्याम्पस ।
- श्री सूचना तथा प्रविधी केन्द्र, पुल्चोक क्याम्पस ।- पुल्चोक क्याम्पसको Web Site: www.pcampus.edu.np मा राखिदिन हुन ।

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
परीक्षा नियन्त्रण महाशाखा
EXAMINATION CONTROL DIVISION

Chakupat, Lalitpur, Nepal
Tel. 977-5260636, 5260716
Fax: 977-1-5260129
ecd@ioe.edu.np, www.exam.ioe.edu.np
चाकुपाट, ललितपुर, नेपाल
फोन: ५२६०६३६, ५२६०७१६
फ्याक्स: ५२६०१२९

च.न.: ३०४ ०७९/०८० प्रकाशित मिति : २०७९।०५।१९

## B.E./B.Arch. पुनः परीक्षाको Online परीक्षा फाराम भर्ने सूचना

इ.अ.सं., परीक्षा नियन्त्रण महाशाखाद्वारा मिति २०७९ असोज महिनामा संचालन गरिने B.E. प्रथम, दोश्रो र तेश्रो वर्ष तथा B.Arch. प्रथम, दोश्रो, तेश्रो र चौथो वर्ष दोश्रो खण्डको पुनः परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले मिति २०७९।०५।२० गते बिहान १०:०० बजेदेखि २०७९।०५।२९ गते ५:०० बजेसम्म Online परीक्षा फाराम भर्न यो सूचना प्रकाशित गरिएको छ । साथै सम्बन्धित क्याम्पस/कलेजहरुले यसैलाई सूचना मानी Online Application मा **Bachelor Level Login** बाट आ-आफ्ना विद्यार्थीहरुलाई Online परीक्षा फाराम भर्न/भराउनका लागि जानकारी गराइन्छ ।

१. विद्यार्थीले आफ्नो Portal मा हालसालै खिचेको चस्मा नलगाएको, दुवै कान देखिने, सादा पृष्ठ छाँया (Background plain) भएको, पासपोर्ट साइजको फोटो साथै आफ्नो Signature Update गरी Online Form मा माग गरिएको सम्पूर्ण विवरणहरु अनिवार्य रुपमा भरी परीक्षा फाराम Register गर्नु पर्नेछ ।
२. Online परीक्षा फाराम भर्ने परीक्षार्थीहरुले सम्वन्धित क्याम्पसमा तोकिएको शुल्क तिरी क्याम्पसबाट उपलब्ध गराउने Payment Confirmation Slip मा Online Form Submit गर्दा उपलब्ध हुने Token No. सहित भरी अनिवार्य रुपमा बुझाई Online परीक्षा फाराम Verification गराउनु पर्नेछ ।
३. परीक्षार्थीहरुले आवश्यक परीक्षा शुल्क तिरेको बैंक भौचर तथा Payment Confirmation Slip बुझिलिई परीक्षार्थीले भरेको Online Exam Form Verification गरी सम्बन्धित क्याम्पसहरुले २४ घण्टा भित्र Approve गर्नुपर्नेछ । Approve नगरे सम्म Submit गरेको परीक्षा फारम Accept हुने छैन।
४. तोकिएको समय २०७९।०५।२९ गते ५:०० बजेभित्र Online Exam Form भरी बैंक भौचर तथा Payment Confirmation Slip नबुझाउने परीक्षार्थीहरुले मिति २०७९।०५।३० गते देखि २०७९।०६।०४ गते ४:०० बजेसम्म तोकिएको परीक्षा शुल्कको साथसाथै विशेष विलम्व शुल्क २०७६ र २०७७ Batch का परीक्षार्थीहरुले रु.२,०००।०० (रुपैयाँ दुई हजार मात्र) र अन्य Batch का परीक्षार्थीहरुले रु.१,०००।००(रुपैयाँ एक हजार मात्र) विलम्व शुल्क तिरी परीक्षा फाराम भर्न सक्नेछन । उपरोक्त मिति पछि Online Form स्वतः बन्द हुनेछ ।
५. उपरोक्त म्याद भित्र पनि परीक्षा फाराम भर्न छुट हुन गएमा इ.अ.सं.को विशेष व्यवस्था भए अनुसार मिति २०७९।०६।०७ गते दिउँसो २:०० बजे सम्म यस परीक्षा नियन्त्रण महाशाखामा स्वंय उपस्थित भई सम्पर्क गर्नु पर्नेछ ।
६. Online Form Register गर्दा कुनै समस्या आएमा **exam@ioe.edu.np** मा यथाशिघ्र जानकारी गराउन सूचित गरिन्छ ।

द्रष्टव्य: स्नातक तह (B.E.) २०७१ भर्ना समूह र आर्किटेक्चर (B.Arch) २०६९ भर्ना समूहको उक्त खण्डको परीक्षामा पुनः एक पटकमात्र सम्मिलित हुन पाउने ब्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।

प्रा. डा. ज्ञानबहादुर थापा
सहायक डीन